मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : १४२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ चैत २६ गते शनिबार (Saturday, April 9. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

झाडापखाला तथा बान्ताबाट बच्न,

- दूषित खानेपानीको प्रयोग नगरौं,
- बासी, सडेगलेका तथा झिंगा, भुसुना भन्किएका खानेकुरा नखाऔं,
- सफासँग हात धोई खाना पकाऔं,
- खाना खानुअघि साबुनपानीले हात धोऔं,
- फलफूल तथा सागसब्जी सफा पानीले पखालेर मात्र खाऔं,
- स्वच्छ र सफा पानीको प्रयोग गरौं वा पानी उमालेर पिउने गरौं,
- चिल्लो वा तारेको खानेकुरा सकेसम्म नखाऔं,

झिंगा, दूषित खान र पानी, फोहर हात एवम् भाँडाकुँडा, झाडापखाला तथा बान्ताका कारक हुन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

पुस्तकमा प्याब्सनको 'सिण्डिगेट'

२६ वटा पब्लिकेशनबाट २५ हजार रुपैयाँको दरले सूचीकृत शुल्क लिएको हो: प्याब्सन अध्यक्ष फागो

झापा, चैत २५ । नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ झापाले निजी तथा विद्यालय अर्गनाइजेशन (प्याब्सन) ले शैक्षिक क्षेत्रमा सिण्डिगेट खडा गरेको आरोप लगाएको छ ।

निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई विक्री गरिने पुस्तकमा प्याब्सनले सिण्डिगेट खडा गरेको आरोप लगाएको हो । पाठ्यक्रम विकास केन्द्रको सिफारिसमा पब्लिकेशनले तयार गरेका पाठ्यपुस्तक पनि प्याब्सनको सिफारिसमा मात्रै विद्यालयले लगाउनुपर्ने बाध्यकारी नियम बनाएको भन्दै महासंघले बिर्तामोडमा एक कार्यक्रमको आयोजना गर्दै आपत्ति जनाएको हो ।

महासंघका अध्यक्ष सञ्जय शर्मा सापकोटाले प्याब्सनले सिफारिस गरेका पुस्तक मात्रै विद्यालयले लगाउनुपर्ने बाध्यकारी नियम बनाएको र त्यसको असर आफूहरुलाई परेको भन्दै आपत्ति जनाएका हुन् । झापाका सबै विद्यालयमा संगम पब्लिकेशनको बिज्ञान र बेदान्त पब्लिकेशनको गणित विषय पढाउनै पर्ने बाध्यकारी निमय बनाउनु आफैमा सिण्डिगेट भएको शर्माको आरोप छ ।

पब्लिकेशनलाई सूचीकृत गर्ने नाममा २५/२५ हजार रुपैयाँ गैरकानूनी रुपमा प्याब्सनले लिएको भन्दै अध्यक्ष शर्माले प्याब्सनलाई बिद्यार्थीको भविष्यमाथि खेलवाड नगर्न आग्रह समेत गरे । उनले भने- पाठ्यक्रम बिकास केन्द्रको अनुमतिमा तयार गरिएका पुस्तक पढाउन पनि अब विद्यालयले प्याब्सनसँग अनुमति लिनुपर्ने ?

कार्यक्रममा निजी तथा आवासिय विद्यालय अर्गनाइजेशन अभिभावक संघ झापाका सचिव रुद्र सिटौलाले राजनीतिक आडमा प्याब्सनले शैक्षिक भ्रष्टाचार गरेको आरोप लगाए । 'विद्यालय, शिक्षक, प्रकाशक, प्याब्सन, एनप्याब्सनमा लामो समयदेखि समस्या देखिएको छ । जसका कारण अभिभावक मारमा छन्, त्यसको समाधान खोजिनुपर्छ ।

महासंघले पाठ्यपुस्तक तथा स्टेशनरीमा भएको समस्या समाधान गर्न आयोजना गरेको कार्यक्रममा प्याब्सन र एनप्याब्सनको उपस्थिति थिएन ।

महासंघ झापाका अध्यक्ष सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई झापाका प्रमुख राजकुमार विकसहित बिर्तामोड नगर शिक्षा शाखा अधिकृत दिनेश आचार्य, महासंघका पूर्वकेन्द्रीय सदस्य फणिन्द्र न्यौपाने, केन्द्रीय सदस्य रवीन बराल, लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै अध्यक्ष सापकोटाले आगामी बैशाख १५ देखि जेठ ३० गतेसम्म ७ दिन पुस्तक तथा स्टेशनरी पसल खोल्न पाउनुपर्ने, बिद्यालयले पुस्तक तथा स्टेशनरी सामग्री बिद्यालयमा बेच्न नपाउनेलगायतका

(बाँकी अन्तिम पृष्ठमा)

एमालेलाई उम्मेदवार छान्न सकस

बिर्तामोड, चैत २५। बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा बिर्तामोड नगर प्रमुख पदमा नेकपा एमालेलाई उम्मेदवार छान्न सकस देखिएको छ ।

जिल्लाका १५वटै स्थानीय तहमा सहमति नजुटेपछि निर्वाचन प्रक्रिया अघि बढाइएको हो । उम्मेदवारको टुंगो लगाउन पार्टीले निर्वाचन प्रक्रिया अघि बढाएको नेकपा एमाले झापाका अध्यक्ष दीपक कार्कीले बताए ।

यता अञ्चलकै केन्द्र मानिएको बिर्तामोड नगरपालिकामा समेत उम्मेदवार छनौटमा सकस नै देखिएको हो ।

केही वडा बाहेक प्रमुख र उपप्रमुख पदमा सहमति नजुटेपछि पार्टीले उम्मेदवार छनौटका लागि निर्वाचन नै गर्नु परेको छ । प्रमुख र उपप्रमुख पदका लागि पाँच/पाँच जनाले आकांक्षा देखाएपछि एमालेलाई उम्मेदवार छान्न सकस देखिएको हो । नगर प्रमुख पदका लागि वहालवाला प्रमुख ध्रुवकुमार शिवाकोटीसहित एकराज कार्की, पवित्रा महतारा प्रसाई, उमानाथ ओली र नगेन्द्र संग्रौलाले आकांक्षा देखाएसँगै चुनावी प्रक्रियाबाट उम्मेदवारको टुंगो लगाउन पार्टीले निर्वाचन गरेको हो ।

त्यस्तै उपप्रमुख पदमा प्रवीण पोखरेल, बद्री भट्टराई, देवराज कार्की, गणेश पोखरेल र भीमा शिवाकोटीले इच्छा जाहेर गरँसगै उपमेयर छान्न समेत सकस देखिएको हो । नगर प्रमुख पदका लागि आकांक्षा राख्ने कार्की प्रदेश सभा सदस्य हुन् भने प्रसाईं नगर उपप्रमुखमा वहाल छिन् ।

ओली पार्टीको बिर्तामोड नगरका निवर्तमान अध्यक्ष हुन् भने संग्रौला बिर्तामोड वडा नं. २का वहाल वडाध्यक्ष हुन् । निर्वाचनबाट छनौट भएका नगर प्रमुख पदका उम्मेदवारको हकमा महताराको उपमेयरमा प्रवीण पोखरेल हुनेछन् भने अन्यको हकमा भीमा शिवाकोटी उपमेयरमा रहनेछिन् ।

यसैबीच नेकपा एमालेले १० वटै वडाका वडाध्यक्षको नाम सिफारिस गरेको छ । जसमध्ये ४ र ६मा सहमति जुट्न सकेको छैन भने अन्य वडामा मतभारका आधारमा वडाध्यक्ष सिफारिस गरिएको छ । वडा नं. १मा अग्नि पाण्डे, २मा किशोर पौडेल, ३मा मदन बुढाथोकी सिफारिस भएका छन् । बिर्तामोड-३का लागि वडा सदस्यमा हरि बाँस्कोटा, भाग्यमान लिम्बू, धनसरी राजवंशी र लक्ष्मी रोक्का सिफारिस भएका छन् ।

यता वडा नं. ४मा छविलाल विक र राहुल शर्माको मतभार बराबर आएसँगै पार्टीले २९ गते वडाध्यक्षको टुंगो लगाउने बताइएको छ । वडा नं. ५मा राजेन्द्र लिङ्देन सिफारिस भएका छन् । उनी वहालवाला वडाध्यक्ष हुन् । मतभारकै आधारमा वडाध्यक्ष सिफारिस गरिएको बताइएको छ । वडा नं. ५, १ र ३मा पनि वडा सदस्यको टुंगो लाग्न सकेको छैन ।

त्यस्तै वडा नं. ६मा बुद्धिराम भट्टराई, उमेश खतिवडा, अनिता कन्दङ्वा र देवी नेपालको नाम सिफारिस भएको छ । यो वडामा समेत वडा सदस्यको टुंगो लाग्न सकेको छैन । ७ नम्बर वडामा अविरकृष्ण खरेल, ८मा विष्णु भट्टराई, ९मा हरि चम्लागाँई र १०मा रिमाङ्ध्वज लोक्ताम सिफारिस भएका छन् । वडा नं. १०मा गीता घिमिरे, प्रेम पौडेल वडा सदस्यमा सिफारिस भएका छन् ।

युवा नेताले एमाले त्यागे

झापा, चैत २५। नेकपा एमालेका स्थापित युवा नेता प्रकाश खड्काले एमाले परित्याग गर्ने घोषणासँगै नेकपा (माओवादी केन्द्र) प्रवेश गर्ने भएका छन् ।

मेचीनगर नगरपालिकामा एमालेका लोकप्रिय नेताको रुपमा परिचित उनी आज शनिवार माओवादीमा प्रवेश गर्ने कार्यक्रम रहेको नेकपा माओवादी केन्द्र झापाका सदस्य तथा बिर्तामोड इञ्चार्ज युवराज दाहालले जानकारी दिए ।

उनीसँगै सयौंको संख्यामा आज शनिवार मेचीनगरमा माओवादी केन्द्रमा प्रवेश गर्ने जनाइएको छ । खड्कासँगै सयौंको संख्यामा पार्टी प्रवेश गर्नेलाई पार्टीका केन्द्रीय सदस्य तथा प्रदेश नं. १ इञ्चार्ज राम कार्की (पार्थ) ले पार्टी प्रवेश गराउने कार्यक्रम तय भएको दाहालले जानकारी दिए ।

२०५३ सालदेखि राजनीतिक यात्रा शुरु गरेका खड्का २०५९ सालमा धुलाबारी क्याम्पसको अनेरास्वियु सभापति थिए । धुलाबारीका आधा दर्जन सामाजिक संघ-संस्थामा क्रियाशील खड्का पछिल्लो समय नेकपा एमाले नगर कमिटीको सचिवालय सदस्य तथा मेचीनगर-१०का इञ्चार्ज समेत हुन् । यसअघि ३ कार्यकाल पार्टीका अध्यक्ष समेत रहेका उनी अनुभवी राजनीतिककर्मी मानिन्छन् । सामाजिक

(बाँकी अन्तिम पृष्ठमा)

सुरुङ्गामा २०००जनालाई आँखा उपचार सेवा

झापा, चैत २५। मेची आँखा अस्पतालले एक वर्ष अघि झापाको कनकाई नगरपालिका-३ स्थित सुरुङ्गामा स्थापना गरेको आँखा उपचार केन्द्रबाट झण्डै दुई हजार जनाले सेवा लिएका छन् ।

सुरुङ्गास्थित इलाका स्वास्थ्य कार्यालयमा सञ्चालनमा ल्याइएको आँखा उपचार केन्द्रबाट एक हजार ९ सय ६७ जनाले सेवा लिएका हुन् । सेवा लिनेहरुमा सुरुङ्गा र आसपासका स्थानीयवासीहरु धेरै छन् ।

तीमध्ये एक हजार ३ सय ३६ जनाले नेपाल सरकारले उपलब्ध गराउँदै आएको स्वास्थ्य बिमामार्फत सेवा लिएका हुन् भने ६ सय ४० जनाले न्यून शुल्क तिरेर सेवा लिएको मेची आँखा अस्पतालका प्रशासन प्रमुख सुरज रौनियारले जानकारी दिए ।

आँखा जाँच गराउनेहरुमध्ये ७ सय एक जनालाई चश्मा आवश्यक परेकाले निःशुल्क चश्मा बितरण गरिएको र ५५ जनालाई मेची आँखा अस्पताल बिर्तामोड रेफर गर्दै आँखाको शल्यक्रिया गरिएको अस्पतालका मेडिकल डाइरेक्टर डा. पुरुषोत्तम जोशीले बताए ।

आँखा उपचार केन्द्र सञ्चालनमा आएको वार्षिकउत्सवको अवसर पारेर इलाका स्वास्थ्य केन्द्र सुरुङ्गामा निःशुल्क आँखा परीक्षण शिविरको आयोजना गरिएको थियो ।

यसअघि कनकाई नगरपालिका वडा नम्वर ३का वडाध्यक्ष रुद्रप्रसाद चिमरियाको प्रमुख आतिथ्यमा उद्घाटन सत्र

(बाँकी अन्तिम पृष्ठमा)

प्रमुखमा माओवादीका पाँच आकांक्षी

सीपी कडरिया | कुवेर श्रेष्ठ | बासु दुलाल | मोहन सुब्बा | प्रकाश भट्टराई

झापा, चैत २५। आगामी बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा बिर्तामोड नगरपालिकाको प्रमुख पदमा माओवादी केन्द्रका पाँच जना आकांक्षी देखिएका छन् ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का तर्फबाट बिर्तामोड नगरको प्रमुख पदका लागि सीपी कडरिया, कुवेर श्रेष्ठ (अरुण), बासु दुलाल, मोहन सुब्बा र प्रकाश भट्टराई आकांक्षी देखिएका हुन् । कडरिया पार्टीका प्रदेश कमिटी सचिवालय सदस्य हुन् । अरुण पार्टीका प्रदेश नं. १ सदस्य हुन् भने दुलाल जिल्ला नेता हुन् । त्यस्तै सुब्बा बिर्तामोड नगरका अध्यक्ष हुन् । कडरिया अघिल्लो निर्वाचनमा पनि बिर्तामोड नगर प्रमुख पदको प्रतिस्पर्धामा थिए ।

यता भट्टराई पार्टीको जिल्ला सदस्य तथा २ नं. निर्वाचन क्षेत्र (क) का संयोजक हुन् ।

कनकाई घाट संस्थाको अध्यक्षमा अग्रवाल

सुरुङ्गा, चैत्र २५। कनकाई घाट संस्था कनकाई-४ कोटीहोममा वेदप्रकाश अग्रवालको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ ।

संस्थाको पाँचौं अधिवेशन तथा सातौं साधारणसभाले ३ वर्षे कार्यकालका लागि सर्वसम्मत नेतृत्व चयन गरेको हो । मारवाडी सेवा समितिका संस्थापक अध्यक्ष, बिर्तामोड उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष, वीरता जेसीजका पूर्व अध्यक्ष, गोलोक गोवर्द्धन गौशाला प्रवर्द्धन समिति सतासीधामका उपाध्यक्ष, उपभोक्ता मञ्च नेपाल झापाका वर्तमान अध्यक्ष लगायतका जिम्मेवारी सम्हालेका अग्रवाल यस अघि कनकाई घाट संस्थाको उपाध्यक्ष थिए ।



अध्यक्ष वेदप्रकाश

१७ सदस्यीय समितिमा निवर्तमान अध्यक्ष प्रभाखर कडरियालाई पनि समेटिएको छ । समितिको वरिष्ठ उपाध्यक्षमा खेमनाथ मिश्र, उपाध्यक्षमा डिल्लीराम मैनाली, महासचिवमा नारायण ओली, सचिवमा सुरेशकुमार वंशल 'भद्रपुरे' र

(बाँकी अन्तिम पृष्ठमा)

श्रम स्वीकृति: वैशाख २ गतेदेखि अनलाइनबाटै

काठमाडौं, चैत २५। वैदेशिक रोजगार कार्यालय काठमाडौंले संस्थागत श्रम स्वीकृति अनलाइन प्रणालीबाट मात्र जारी हुने व्यवस्था गरेको छ ।

आगामी वैशाख २ गतेदेखि अनलाइन प्रणालीबाट मात्र संस्थागत श्रम स्वीकृति दिने निर्णय गरिएको कार्यालय प्रमुख रमेश अर्यालले जानकारी दिए ।

कार्यालयले पुनः श्रम स्वीकृति, संस्थागत श्रम स्वीकृति र व्यक्तिगत श्रम स्वीकृतिको काम गर्दै आएको छ । संस्थागत श्रम स्वीकृतिका लागि म्यानपावर व्यवसायी वा उनीहरुका प्रतिनिधि कार्यालय आउने गरेकामा यो व्यवस्थासँगै कार्यालयमा भौतिक उपस्थितिबिना नै संस्थागत श्रम स्वीकृतिको व्यवस्था गरिएको हो ।

कार्यालयले गत माघदेखि अनलाइन प्रणालीबाट मात्र पुनः श्रम स्वीकृति दिँदै आएको छ । पुनः श्रम स्वीकृति अनलाइन प्रणालीबाट मात्र हुन थालेसँगै दैनिक एक हजारभन्दा धेरै सेवाग्राहीले कार्यालयमा उपस्थित नभई अनलाइनबाटै सेवा लिँदै आएका छन् ।

श्रम मन्त्रालयले श्रम स्वीकृतिलाई फेसलेस, पेपरलेस र क्यासलेस बनाइ छिटो, छरितो र पारदर्शीरूपमा सेवाप्रवाह गर्न अनलाइन प्रणाली कार्यान्वयनमा ल्याइएको जनाएको छ । वैदेशिक रोजगारीमा जाने श्रमिकलाई सहज र सरल तरिकाबाट सेवा प्रदान गर्ने नीति अनुसार अनलाइन प्रणालीबाट श्रम स्वीकृति दिने व्यवस्था मिलाइएको श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठको भनाइ छ ।

आधुनिक प्रविधिको प्रयोग गरी सहज र सरल तरिकाबाट छिटो-छरितोरूपमा गुनासोरहीत सेवा प्रदान गर्न मन्त्रालयले दिएको निर्देशन अनुसार पुनः श्रम स्वीकृतिसँगै संस्थागत श्रम स्वीकृतिको काम पनि अनलाइन प्रणालीबाट गर्न लागिएको कार्यालय प्रमुख अर्यालले बताए ।

कागजात जाँच गर्न समय लाग्ने तथा कहिलेकाहीँ सर्भरको समस्या हुनसक्ने भएकाले तीन दिनअघि नै संस्थागत श्रम स्वीकृतिका लागि अनलाइनमा आवेदन दिन इजाजत पत्रवाला म्यानपावर कम्पनी र सरोकारवालालाई कार्यालयले अनुरोध पनि गरेको छ ।

हाडजोर्नी तथा नशा रोगको सफल उपचार

सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब
बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा
प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक ।
बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,
दैनिक ओपीडीमा डा. विनय प्रधान , डा. भगवान शाह र
अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा ।
दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ ।

डाक्टर आउनेबारेको सूचना

डा. विकास जैशी
MBBS, MD, DM Hepatology (NAMS)
वरिष्ठ लिभर
(कलेजो, पेट, ग्याष्ट्रिक, अल्सर, जण्डिस, हेपटाइटिस रोग विशेषज्ञ)
वीर अस्पताल काठमाडौंबाट यही चैत २७ गते आइतबार आउँदै हुनुहुन्छ ।
सम्पर्क : **कन्काई हस्पिटल प्रा. लि.**
बिर्तामोड, झापा (फोन नं. : ०२३-५३३८१८, ५३३८०७)

नियुक्ति र सिफारिसमा 'आफन्ततन्त्र'

काठमाडौं, चैत २५। स्थानीय तह निर्वाचनको आचारसंहिता लागू हुनै लाग्दा सरकारले गरेका दर्जनौं नियुक्ति र निर्णयहरूको चर्को आलोचना भएको छ।

सार्वजनिक प्रशासनका जानकारहरूले सरकारमा सहभागी दलका नेता र मन्त्रीका आफन्तलाई राजदूतमा सिफारिस गरिएको भन्दै अहिलेका नेताहरूले गरेको व्यवहारले लोकतन्त्रमाथि प्रश्न उठाएको बताएका छन्।

बिहीवारको मन्त्रिपरिषद् बैठकले विभिन्न २० वटा देशमा राजदूत सिफारिस गर्ने निर्णय गरेको थियो। अस्ट्रेलियाका लागि राजदूतमा सिफारिस भएका कैलाश पोखरेल एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालका आफन्त र श्रीलङ्काका लागि सिफारिस राजदूत वासुदेव मिश्र ऊर्जा मन्त्री तथा नेकपा माओवादी केन्द्रकी पम्फा भुसालका आफन्त भएको बताइएको छ। यसअघिकै नियुक्तिका बेला विवादमा तानिएकी शर्मिला पराजुलीलाई स्पेनको राजदूत सिफारिस गरिएपछि सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले राजदूत नियुक्तिको मापदण्डबारे प्रश्न उठाएका छन्।

त्यसैगरी एकीकृत समाजवादीकै अर्का नेता झलनाथ खनालका पूर्व सल्लाहकार मिलन तुलाधरलाई रुसका लागि राजदूतमा सिफारिस गरिएपछि नेताहरूले आफू निकट र आफन्तलाई नियुक्तिमा प्राथमिकता दिएको आरोप लागेको छ। अन्तर्राष्ट्रिय स्तरमा देशको प्रतिनिधित्व गर्ने पदमा राजनीतिक भागबन्डा गरिएको भनेर आलोचना भइरहँदा सरकारका प्रवक्ताले भने मन्त्रिपरिषद्बाट भएका निर्णयको बचाउ गरेका छन्।

सार्क सचिवालयका पूर्व महासचिव तथा पूर्व परराष्ट्र सचिव अर्जुनबहादुर थापा कूटनीतिक क्षमता भएका व्यक्तिहरूलाई मात्रै राजदूत नियुक्त गरिनुपर्ने बताउँछन्। राजदूत भनेको देशको कूटनीतिक प्रतिनिधित्व गर्ने पात्र हो। उसले देशको मर्यादा र

हितलाई ध्यानमा राखेर कूटनीति सञ्चालन गर्न योग्य व्यक्तिलाई नियुक्त गर्नुपर्छ भन्ने हामीले जानेको हो- थापा भन्छन्।

'आफन्ततन्त्र जस्तो देखियो'

यसअघिको सरकारले गरेका राजदूत सिफारिस पनि विवादरहित थिएनन्। सरकारमा रहेका दलका प्रभावशाली नेताहरूले आफू नजिकका, आफन्त र सहयोगीलाई सिफारिस गरेको आरोप अघिल्लो सरकारलाई पनि लागेको थियो।

पारदर्शिताको वकालत गर्ने र भ्रष्टाचार सम्बन्धी खबरदारी गर्ने निकाय ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालका पूर्व अध्यक्ष श्रीहरि अर्याल नेताहरूले जबाफदेही हुने काम नगरेको बताउँछन्। लोकतन्त्र होइन कि अहिलेको अवस्था त नेताहरूको आफन्ततन्त्र चलिरहेको जस्तो देखिन्छ- अर्याल भन्छन्। राजनीति अत्यन्त फोहोरी भयो जनताप्रति उत्तरदायी भएन। खाली भोट हाल्नु मात्रै त लोकतन्त्र होइन नि। लोकतन्त्र भनेको जनताको हरेक प्रश्नको जवाफ दिने क्षमता राख्ने काम पनि त हो नि।

राजदूतमा सिफारिस भएका कतिपय व्यक्तिहरूले सार्वजनिक माध्यममा एउटा लेख पनि लेखेको नपाइएको भन्दै अर्यालले तिनले नेता वा राजनीतिक शक्तिकेन्द्रकै आडमा नियुक्ति पाएको प्रश्न उठ्ने गरेको अर्याल बताउँछन्। किन तिनै मान्छेहरूलाई नै किन नियुक्ति सिफारिस गरियो र अरूलाई किन गरिएन सरकारले प्रस्टीकरण दिन सक्नुपर्छ- अधिवक्ता समेत रहेका अर्यालले भने।

राजदूतहरूको नियुक्ति सिफारिस परीक्षण गर्ने संसदीय सुनुवाइ समिति पनि राजनीतिक दल र सरकारको प्रभावमा निर्णय गर्ने थलो भएको उनले दाबी गरे।

'सरकार प्रतिको विश्वास टुट्छ'

पूर्व मुख्यसचिव विमलप्रसाद कोइराला राज्यका महत्वपूर्ण निकायमा आफन्तहरूको नियुक्तिले सरकार प्रति जनविश्वास गुम्दै जाने बताए। भोलि आफूलाई सहयोग पुग्छ भनेर आफन्तहरूलाई महत्त्वपूर्ण ठाउँमा नियुक्ति दिने चलनले कमजोरहरूको हातमा शासन व्यवस्था पुग्छ। सरकारले दिने सेवा सुविधामा प्रभावकारिता आउँदैन- उनले भने।

राजदूतहरूको सिफारिससँगै नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशक नियुक्त गर्ने सरकारको निर्णय समेत विवादित बनेको छ।

सरकारले उक्त पदपूर्ति खुला प्रतिस्पर्धाका आधारमा गरिएको दाबी गरे पनि नियुक्ति सम्बन्धी निर्देशिका नै संशोधन गरेर विभिन्न विवादमा तानिएका भनिएका सुनिल पौडेललाई उक्त पदमा नियुक्तिको बाटो सहज बनाएको आरोप लागेको छ।

यसअघि कायम अनुभव योग्यता १५ वर्षबाट घटाएर सरकारले १२ वर्ष बनाएको थियो। राजदूतहरूको सिफारिससँगै नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशक नियुक्त गर्ने सरकारको निर्णय समेत विवादित बनेको छ। सरकारले उक्त पदपूर्ति खुला प्रतिस्पर्धाका आधारमा गरिएको दाबी गरे पनि नियुक्ति सम्बन्धी निर्देशिका नै संशोधन गरेर विभिन्न विवादमा तानिएका भनिएका सुनिल पौडेललाई उक्त पदमा नियुक्तिको बाटो सहज बनाएको आरोप लागेको छ। यसअघि कायम अनुभव योग्यता १५ वर्षबाट घटाएर सरकारले १२ वर्ष बनाएको थियो। वीवीसी

जो ९ वटी श्रीमतीसँग बसेका थिए ...

९ श्रीमतीसँग बस्ने एक मोडलले आफ्नी एक श्रीमतीले आफूसँग सम्बन्धविच्छेद गर्न खोजेपछि आफू 'निराश र स्तब्ध भएको' बताएका छन्। मोडलको नाम आर्थर ओ उर्सो हो। ब्राजिलका आर्थरले गत वर्ष ९ जना महिलासँग सामूहिक विवाह गरेर चर्चामा आएका थिए।

ब्राजिलियन मोडल आर्थरले भनेका छन् कि उनकी एक पत्नी अगाथाले उनीसँग सम्बन्धविच्छेद गर्न खोजिरहेकी छिन् किनभने उनी एकपत्नी सम्बन्धमा फर्किन चाहन्छिन्। अगाथा अब आर्थरलाई अरूसँग साझा गर्न चाहँदिनन्। उनी अब बहुविवाहबाट बाहिर निस्कन चाहन्छिन्।

आफ्नी श्रीमतीको यो निर्णयमा आर्थरले भनेका छन्- 'यसमा कुनै अर्थ थिएन, हामीले यो कुरा आपसमा साझा गर्नुपर्छ। म सम्बन्धविच्छेदको निर्णयबाट दुखी भएँ र अगाथाको बयानबाट छक्क परें। आर्थरका अनुसार उनका अन्य पत्नीहरूले पनि अगाथाको मनोवृत्ति गलत पाए। अन्य पत्नीहरूले अगाथाले भावनाका लागि नभई रोमान्सका लागि विवाह गरेको बताइन्।

आर्थर भन्छन्- 'मलाई थाह छ मैले एउटी श्रीमती गुमाएँ, तर म अहिले उनको प्रतिस्थापन गर्न गइरहेको छैन।' यद्यपि भविष्यमा, आर्थरले पत्नीहरूको संख्या बढाएर १० पुऱ्याउन थप दुई केटीहरूसँग विवाह गर्ने आशा राख्छन्।

आर्थर भन्छन्- 'म जहिले पनि १० जना श्रीमती राख्न चाहन्छु। अहिले मेरो एउटी छोरी छ, तर म हरेक श्रीमतीबाट एउटा सन्तान चाहन्छु। किनभने यदि मैले एक वा दुई श्रीमतीबाट मात्र सन्तान जन्माउँछु भने, यो बाँकी पत्नीहरूको लागि ठीक हुँदैन।

डेली मेलका अनुसार आर्थरकी पहिलो श्रीमती लुआना काजाकी हुन्। गत वर्ष उनले थप ८ जना महिलासँग विवाह गरेका थिए। उनले यो एकविवाहको विरोध भएको बताए। हाल आर्थरका ९ श्रीमती मध्ये एकले उनलाई सम्बन्धविच्छेद गर्ने मन बनाइसकेकी छिन्। एजेन्सी

'रीत'को छायांकन ताप्लेजुङमा

कोरोना महामारी मत्थर भएर जनजीवन सामान्य अवस्थामा फर्किएसँगै छायाकनमा निस्कने फिल्मको संख्या बढ्न थालेको छ।

यसैक्रममा, यतिबेला ताप्लेजुङको सिनाममा फिल्म 'रीत'को छायांकन भइरहेको छ। ताप्लेजुङपछि पाँचथर, इलाम, झापा र काठमाडौंमा फिल्मको छायांकन हुने निर्देशक दिनेश लिङ्देनले जानकारी दिए। फिल्मको निर्माण कम्पनी फाल्गुनन्द लिङ्देन फिल्म्स हो।

यो फिल्ममा लक्ष्मी योङ्हाङ, विमला खजुम, तान्छो हाङ इङ्नाम, यासेली योङ्हाङ, सागर केरुङ, रत्ना लिङ्देन, पुर्न सेलिङ, एञ्जिला नेम्बाङ, नन्दु तुम्बापो, भीम थेबे, दिनेश माङ्मु, राजु घिमिरे, तेज मेन्याङ्बो, सोनु लिम्बू, नितु नेम्बाङ, एस्थर खालिङलगायतको अभिनय रहेको छ भने सागर केरुङको कथा, मान तबेबुङ नाजम र अशोक लोहरुङको संगीत र सुमन तामाङको छायांकन छ।

लिम्बू भाषा संस्कृतिमा आधारित फिल्मको प्रस्तुतकर्ता विष्णु इङ्नाम हुन्। यो टिमले 'रीत' र 'अञ्जली' गरी दुई फिल्मको एकसाथ निर्माण घोषणा गरेको थियो। हत्या हिंसा र अपहरणमा आधारित 'अञ्जली'को भने यसअघि नै छायांकन पूरा भइसकेको छ। दिनेश लिङ्देनकै निर्देशनमा तयार भएको फिल्ममा मोडल तथा अभिनेता दिक्पाल कार्कीले केमियो भूमिकामा अभिनय गरेका छन्।

आरआरआरको उत्सव, आलिया गायब ?

निर्देशक एसएस राजामौलीको फिल्म आरआरआरले रिलिज भएदेखि नै कीर्तिमान बनाइरहेको छ। यो फिल्मले विश्वभर १ हजार करोडको व्यापार गरेको छ।

यस्तो अवसरमा राजामौलीले बुधबार साँझ फिल्मको सक्सेस पार्टी आयोजना गरेका थिए। फिल्मको स्टारकास्टदेखि लिएर बलिउडका ठूला सेलिब्रेटीहरु यो पार्टीमा सहभागी भएका थिए। यद्यपि फिल्मकी नायिका आलिया भट्ट भने कतै देखिइनन्।

यो सफलता पार्टीमा रामचरण, जुनियर एनटीआर, एसएस राजामौली सहभागी थिए। उनीहरु बाहेक आमिर खान, मकरन्द देशपांडे, करण जोहर, अयान मुखर्जी, जोनी लिभर, राखी सावन्त लगायत धेरै सेलिब्रेटीहरु पनि पार्टीमा देखिएका थिए। तर एउटा कुरा जो कसैले पचाउन सकेन, त्यो हो आलिया भट्टको अनुपस्थिति।

यसअघि आलिया भट्ट राजामौलीसँग रिसाएको खबर आएको थियो। आलिया र आरआरआर निर्देशक राजामौलीबीच केही दरार चलिरहेको बताइएको छ। जसका कारण आलियाले फिल्म आरआरआरसँग सम्बन्धित पोस्ट डिलिट गरिन्। यससँगै राजामौलीलाई उनको इन्स्टाग्राम फ्रेन्ड लिस्टबाट हटाइयो। तर, पछि आलियाले यी खबरलाई खारेज गर्दै स्पष्ट पारिन्।

उनले आफ्नो बारेमा यस्ता कुरा नगर्न आग्रह गरेकी थिइन्। साथै, आलियाले आफू र राजामौलीबीच कुनै दरार नभएको पनि स्पष्ट पारिन्। उनले राजामौली र आरआरआरको टोलीसँग काम गर्न पाउनु आफ्नो सौभाग्य भएको बताइन्। उनलाई यो फिल्ममा बिताएका हरेक पल मन पर्छन्। तर, आलिया भट्टको विवाहको खबर पनि लामो समयदेखि आइरहेको छ। यस्तो अवस्थामा उनी विवाहको तयारीमा व्यस्त रहेको पनि बताइएको छ।

आरआरआरको सक्सेस पार्टीमा आमिर खानले निकै रमाइलो गरेको देखियो। आमिरका धेरै भिडियो भाइरल भएका छन्। जसमा आमिर खान अभिनेता मकरन्द देशपाण्डेसँग रमाइलो गर्दै र कुराकानी गरिरहेको देखिन्छ। यसबाहेक आमिरलाई राजामौली र अयान मुखर्जीसँग भेटघाट र कुराकानी गरेको पनि देखिन्छ। आमिर खानले पनि अभिनेत्री राखी सावन्तसँग रेड कार्पेटमा पोज दिएका थिए।

फिल्म आरआरआर २५ मार्चमा विश्वभर रिलिज भएको थियो। फिल्मले विश्वभर १ हजार करोड कमाएको छ। योसँगै यसको हिन्दी संस्करणले पनि २०० करोडको आँकडा पार गरेको छ। फिल्ममा कोमाराम भीम र अल्लुरी सीताराम राजुको काल्पनिक कथा देखाइएको छ। यसमा राम चरण, जुनियर एनटीआर, आलिया भट्ट, अजय देवगन, श्रीया सरन लगायतका कलाकारले काम गरेका छन्।

ब्राउनसुगरसहित ६ जना पक्राउ

सुनसरी, चैत २५। सुनसरीको धरान उपमहानगरपालिका-१३ बाट प्रतिबन्धित लागूऔषध ब्राउनसुगर सहित चार जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा धनकुटा घर भई हाल धरान-१३ मा कोठा लिई बस्ने गरेका ५० बर्षीय कालेबहादुर तामाङ, २० बर्षीय अभिषेक खड्का, २१ बर्षीय मौषम नेपाली, ३९ बर्षीया मुना तामाङ रहेका छन्।

विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा निजहरुको साथबाट २ ग्राम लागूऔषध ब्राउनसुगर बरामद गरेको हो। लागूऔषधसहित पक्राउ परेका चारै जनाको इलाका प्रहरी कार्यालय धरानबाट थप अनुसन्धान भइरहेको छ।

त्यस्तै मोरङ, बिराटनगर महानगरपालिका-१६ दक्षिण गेटबाट नियन्त्रित लागूऔषध नाइट्रोसन ६० ट्याब्लेट र डाइलेक्स डिसी ४ बोतलसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा सुनसरी धरान उपमहानगरपालिका-९ बस्ने ३० वर्षीय आकाश सुन्दास र सोही उपमहानगरपालिका-१५ बस्ने ३८ वर्षीय मिलन लिम्बू रहेका छन्।

भारतबाट नेपालतर्फ आउँदै गरेको प्रदेश १-०२-०४८प ३९७५ नम्बरको मोटरसाइकललाई लागूऔषध नियन्त्रण ब्यूरोबाट खटिएको प्रहरीले जाँच गर्दा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त लागूऔषधसहित फेला पारी पक्राउ गरेको हो।

युवा ...

अभियन्ता खड्का लामो समयदेखि सामाजिक, राजनीतिक कार्यमा क्रियाशील रहँदै आएका छन्।

एमालेले देश र जनताको पक्षमा काम गर्न नसकेको, जिम्मेवारी बाँडफाँड, टिकट लेनदेन र व्यवसायिक साँठगाँठमा मात्र व्यस्त रहेकाले उक्त पार्टी परित्याग गरेको उनले बताएका छन्। उनले इमान्दार र स्वच्छ छवि भएका नेता कार्यकर्ता एमालेले पाखा लगाउँदै गएको र पैसाको आडमा पार्टी सत्ता कब्जा गर्ने विकृतिले घर गरेकाले पार्टीमा रहेर बद्नाम हुन नसक्ने बताउँदै पार्टी परित्याग गरेको बताएका छन्।

एमाले कम्युनिष्ट पार्टी नभएको, वर्वादी गिरोहमा परिणत भएको भन्दै खड्काले जिल्लाभरका सबै इमान्दार युवाहरुसहित चाँडै माओवादी केन्द्रमा प्रवेश गर्ने समेत बताएका छन्।

कनकाई ...

कोषाध्यक्षमा गोपाल खरेल चयन भएका छन्। सदस्यहरूमा खेमराज कार्की, टीकाप्रसाद कट्टेल, शिला उप्रेती (बोजु), हिरण्यकुमार राई, मानबहादुर पौडेल, राधिका ओली (कडरिया), दयानन्द वंशल, दुर्गाप्रसाद चापागाँई, भरतकुमार ढकाल र अम्बिका खरेल चुनिएका छन्।

त्यसै गरी, लेखा समितिको संयोजकमा नरेन्द्रप्रसाद फुयाँललाई सर्वसम्मत चयन गरिएको छ। समितिको सदस्यहरूमा निर्मला चाम्लिङ राई र पूर्णलाल श्रेष्ठ रहेका छन्।

निर्वाचन सम्पन्न गर्न ईश्वरीप्रसाद शिवाकोटी संयोजक, तीर्थराज खरेल र भीष्म मैनाली सदस्य रहेको निर्वाचन समितिले भूमिका खेलेको थियो। यसअघि सम्पन्न साधारण सभामा अध्यक्ष प्रभाखर कडरियाद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन, महासचिव सूर्यप्रसाद उप्रेतीद्वारा प्रस्तुत सांगठानिक प्रतिवेदन, कोषाध्यक्षद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन सर्वसम्मत पारित गरिएका थिए।

साधारणसभामा व्यासाचार्य किशोर गौतमको प्रमुख आतिथ्य, आचार्य नन्दकिशोर भारद्वाजको विशिष्ट आतिथ्य रहेको थियो भने कनकाई नगरपालिका प्रमुख राजेन्द्रकुमार पोखरेल, नेपाली कांग्रेस जिल्ला सभापति देउ कुमार थेबे, समाजसेवी लीलाप्रसाद चिमरिया लगायतको आतिथ्य रहेको थियो।

कोटीहोम क्षेत्रमा मानिसको जीवनको अन्त्येष्टि सम्मानजनक र धार्मिक विधिपूर्वक गर्ने वातावरण निर्माण गरी सहज ढंगले किरायाकर्म गर्न सकियोस् लगायतका विविध जनोपयोगी लक्ष्य र उद्देश्य राखी २०६७ सालमा कनकाई घाट संस्थाको स्थापना गरिएको र झापा जिल्लामा अवस्थित हिन्दूहरुको पवित्र धार्मिक स्थल कनकाई माई नदीमा परापूर्व कालदेखि नै मृत्युवरण पश्चात् पार्थिव शरीरलाई दाह संस्कार गरिँदै आइरहेको सन्दर्भमा बर्षेनि नदीको धार फेरबदल भइरहने, सुख्खा अवस्थामा पानीको स्रोत सुक्ने र वर्षायाममा बाढीबाट हुने समस्या समेतलाई न्यूनीकरण गर्दै सबै जातजाति, धर्म, लिङ्ग र वर्गका मानिसको मृत्युपश्चात गरिने अन्त्येष्टि क्रियाको लागि चिताभूमिस्थल निर्माण गर्ने टड्कारो आवश्यकता महशुस गरी यो संस्थाको स्थापना गरिएको अध्यक्ष कडरियाको प्रतिवेदनमा उल्लेख छ।

सुरुङ्गामा ...

सञ्चालन गरिएको थियो। सो समारोहमा इलाका स्वास्थ्य केन्द्र सुरुङ्गाका प्रमुख मनिष तिम्सिना, लायन्सको इलेक्ट क्याविनेट सेक्रेटरी लीला चिमरिया लगायतले बोलेका थिए।

नेदरल्याण्ड सरकारको सहयोगमा झापाको बिर्तामोडमा सञ्चालित मेची आँखा अस्पतालले सुरुङ्गा सहित पाँचथरको फिदिम, उदयपुरको बेलका, झापाका गौरादह, वनियानी, दमक, राजगढ र भद्रपुरमा आँखा उपचार केन्द्र सञ्चालनमा ल्याएको छ।

पुस्तकमा ...

विषयहरु उठान गरेका थिए। उनले देशभर ४ हजार ६ सय निजी बिद्यालय रहेको तथ्याङ्क दिँदै प्याव्सनले छुट्टै लिष्ट तयार गरेर देशभर सर्कुलर गरेको भन्दै दुःख व्यक्त गरे।

स्वागत कमल श्रेष्ठले गरेको कार्यक्रममा बुद्धशान्ति गाउँपालिका शिक्षा शाखा प्रतिनिधि झल्का अधिकारी, अर्जुनधारा नगर शिक्षा शाखा प्रतिनिधि, पुस्तक तथा स्टेशनरी व्यवसायीहरुको उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन महासंघ प्रदेश नं. १ उपाध्यक्ष राजकुमार दाहालले गरेका थिए।

यता प्याव्सन झापाका अध्यक्ष गौरीमान फागोले पब्लिकेशनसँग प्याव्सनले २५ हजार रुपैयाँ सूचीकृत गर्न रकम लिएको स्वीकारेका छन्। उनले २६ वटा पब्लिकेशनहरुबाट २५ हजार रुपैयाँका दरले रकम लिएको स्वीकारेका हुन्।

घर भाडामा

बि.न.पा.-४ भद्रपुर रोडमा रहेको २ वटा सटर, ३ रुम, १ किचन र प्यासेजमा गाडी राख्न मिल्ने, अफिस, सहकारी, व्यापार, गोदामलाई उपयुक्त घर भाडामा छ।

सम्पर्कः ९८०७९१०२२२, ९८५२६६०३६०

सटर भाडामा

झापाको धुलाबारी चोकैमा नयाँ बन्दै गरेको आधुनिक सपिङ्ग कम्प्लेक्समा व्यावसायिक सटरहरु धमाधम बुकिङ्ग खुल्ला गरिएको छ। इच्छुकले सम्पर्क गर्नुहोला।



सम्पर्क : ९८५११ ५८५८१, ९८१४३२१२५२, ९८५१०४८४३२

कर्मचारी आवश्यकता

एक सेक्युरिटी सर्भिसका लागि एक जना फिल्ड अफिसरको आवश्यकता परेकोले योग्यता पुगेका इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला।

पद : फिल्ड अफिसर
संख्या : १ जना
योग्यता : नेपाली सेनाको वारेन्ट अफिसरबाट अवकाश प्राप्त भएको, मोटरसाइकल/गाडीको लाइसेन्स भएको हुनुपर्नेछ।
तलब सुविधा : आपसी समझदारीमा

कालीञ्चोक सेक्युरिटी सर्भिस प्रा.लि.
शाखा कार्यालय, अ.न.पा. -७ मो. ९८१७९३९७३३, ९८४२७५०५६६

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७५९०२५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

sdf/ ;Aafsf];dw/ :j/n];lhPsf ul/tx?

भुवन तामाङ

नेपाली सांगीतिक आकाशमा गायक 'कुमार सुब्बा' सुमधुर स्वरका धनीका रुपमा चिनिन्छन् र उनी नेपाली गीत-संगीतका महान कलाकार हुन् ।

कुमार सुब्बाको जन्म ११ मार्च १९४४ मा थानालाइन दार्जिलिङ्गमा भएको थियो । उनको प्राथमिक शिक्षा दार्जिलिङ्गको भानुभक्त प्राथमिक पाठशालाबाट शुरू भएको थियो । पछि टर्नबुल स्कूलमा पाँचौं कक्षादेखि पढी त्यसै विद्यालयबाट स्कूल फाइनल परीक्षा उत्तीर्ण गरेका थिए । कारणवश उनको पढाइले निरन्तरता पाएन । बरु हरसिंह प्राथमिक पाठशालामा शिक्षकको रुपमा कार्यरत रही शिक्षाको उज्यालो छर्न थाले । शिक्षक भएका बाह्र वर्षपछि सन् १९८५ देखि 'सङ्ग एण्ड ड्रामा युनिट दार्जीलिङ'मा उनले 'पुरूष गायक पद'मा रही गायन सेवा दिन थाले । उनी त्यहाँ लामो समयसम्म सेवारत रहे ।

कुमार सुब्बा सानैदेखि नै गाउँथे । स्कूल पढ्दा गुरु, गुरुमाहरु र विद्यार्थी साथीहरुले गीत गाएर सुनाउन भन्थे । त्यसैबेलादेखि उनमा गायक हुने गुण रहेको चाल पाए । स्कूलमा विशेषगरी गुरु 'अगमसिंह गिरी (प्रख्यात कवि)'ले कुमार सुब्बालाई हौसला दिन्थे । पछि टर्नबूल स्कूलमा पुगेपछि त उनको प्रतिभा झन् उजागर हुन पुग्यो । त्यहाँ कर्म योञ्जन, गोपाल योञ्जन, शरण प्रधान र दिव्य खालिङ जस्ता नेपाली गीत-संगीतका पोख्त प्रतिभाहरुले कुमार सुब्बालाई प्रशिक्षण दिए । कुमार सुब्बा 'हिमालय कला मन्दिर'सँग पनि सम्बद्ध भए । किनकि त्यसबेला कला मन्दिर गीत-संगीत क्षेत्रमा प्रसिद्ध थियो । कुमार सुब्बाको गायन जीवनको पहिलो पुरस्कार थियो 'गोदुसिनको संगीत प्रतियोगिता'मा पाएको प्रथम पुरस्कार । प्रतियोगितामा उनले गोपाल योञ्जनको शब्द, कर्म योञ्जनको संगीतको 'यहाँ मेरो घर नै बन्द छ जहाँ झ्यालमा हिमालय मुस्कुराउँछ' बोलको गीत गाएका थिए । त्यसताका यो गीत निकै चर्चित बन्यो जसले गर्दा कुमार सुब्बाको ख्याति चुलिँदै आयो ।

गायक कुमार सुब्बाका स्वरमा पाँच सयभन्दा बढी गीत रेकर्ड भएका छन् । उनका गीतहरु खरसाङ्ग, कलकता, गान्तोक, गुहावटी र काठमाडौंमा रेडियो नेपालमा रेकर्ड भएका छन् । उनका गीतहरु कैयन रेडियो, एफ.एम., यूटुब, टेलिभिजन आदि सञ्चारमाध्यमहरुमा प्रशारण भइरहेका छन् र संग्रहित रहेका छन् । उनका गीतहरु सुनेर करोडौं श्रोताहरुले आनन्द लिइरहेका छन् । उनका गीतहरुले प्रकृतिका छटा, फूलहरुका सुन्दरता, हिमाल, पहाड, तराई, वन, पाखा, पखेरा, चराचुरुङ्गी र मानव जीवनका वर्णन गर्दछन् । दुःख, सुख, प्रेम कहानी, विवाह, जीवनका उकाली ओराली यावत कुराका कथा र विशेषताहरु कहन्छन् । उनका गीत सुनेर श्रोताहरु आफ्नै जीवन कथामा सलल बग्दछन्, मन बुझाउँदछन्, आँशु झार्दछन् र पुछ्दछन् पनि । उनले गाएका गीतहरु केवल गीतमात्र होइनन्, जीवन जगत हुन्, प्रकृति हुन्, सम्पदा हुन् र हुन् इकोसिस्टम ।

कुमार सुब्बाले सानोमा गीत गाउन शुरु गर्दाताका प्रायशः हिन्दी गीत सुन्ने, गाउने चलन थियो रे । उनले हिन्दी, बङ्गाली गीतहरु पनि गाए रे । बिस्तारै नेपाली गीतहरुको प्रचुरता बढेसँगै तराई, पहाड, हिमाल, नेपाल, भारत र संसारभर सुमधुर नेपाली गीतहरु बज्न र गाइन थालिए । अम्बर गुरुङसँग पनि संगीतको प्रशिक्षण लिएका कुमार सुब्बाको विश्वासमा दार्जिलिङ्गमा साठीको दशकमा संगीतको माहोल निकै राम्रो रहेको थियो । प्रतिस्पर्धा भए पनि एकअर्काप्रति द्वेष, मनमुटाव थिएन । त्यसबेलाको समयमा अम्बर गुरुङ, कर्म योञ्जन, गोपाल योञ्जन, शरण प्रधान, अरुणा लामा, शान्ति ठटाल, दिलमाया लगायतका संगीत, गायन, गीत लेखन, वाद्यवादनमा अत्यन्तै सिपालु कलाकारहरु थिए । सी, सत्तरीको दशक नेपाली गीत-संगीतको 'स्वर्ण' युग हो । उबेला गीतहरु अत्यन्तै मेहनत गरेर सिर्जना गरिन्थे । त्यसैले होलान् त्यसबेला उदाएका कलाकारहरु एकदमै खारिए । प्रशिक्षण लिने र दिनेहरुले असाध्ये मेहनत गर्दथे ।

चर्चित नाटककार 'मनबहादुर मुखिया'ले लेखेका नाटक 'अनि देउराली रुन्छ'का लागि गाइएका गीतहरू कोशेढुङ्गा हुन् । नाटकका लागि गाइएका गीतहरु 'हे फूल चुँडेर लाने हो', 'सारङ्गीको तारले मेरो मनको गीत गाउँछ', 'मेरो सानो मुरलीमा मेरो देश नआँट्ला' हुन् । दार्जिलिङमा प्रदर्शित भएका नाटकहरूमा सबैभन्दा धेरै गीत गाउने गायक कुमार सुब्बा नै हुन् । आकाशवाणी अर्थात् रेडियो कार्यक्रमका लागि तयार हुने नाटक आदिका लागि पनि अनगिन्ती गीत गाए । तर, रोचक कुरा के रह्यो भने उनले जति पनि चलचित्रहरुका लागि गीत गाए ती गीतहरु बज्न पाएनन् । 'हिमालकी रानी' चलचित्रका लागि गीतहरू रेकर्ड गरे, तर त्यो चलचित्र रिलिज भएन । 'परालको आगो' चलचित्रका लागि गीत अभ्यास गरे तर गीत रेकर्ड गर्न पाएनन् । 'कहीँ उज्यालो कहीँ अँध्यारो' चलचित्रको गीत गाए तर चलचित्रको सुटिङ्ग नै पूरा हुन सकेन ।

हातबाट उम्केको माछा ठूलो भने जस्तै कुमार सुब्बालाई एउट गीत साह्रै मन पर्थ्यो । किनकि त्यस गीतले कहिल्यै रेकर्ड हुने मौका पाएन । 'जुनीभरि अर्जेका कमाइहरूलाई तेरो माटोभरि म फालेर जान्छु, ए संसार तेरो केही लाने छैन, म जिउका लुगासम्म फालेर जान्छु' बोलको गीत उनलाई एकदमै मन परेको थियो । गीतको शब्द र संगीत गोपाल योञ्जनको रहेको थियो ।

मनबहादुर मुखियाको शब्द, कर्म योञ्जनको संगीत रहेको र कुमार सुब्बाले गाएका- 'हे फूल चुँडेर लाने हो यहाँ माली रोएको देख्यौ के' बोलको गीत सर्वाधिक रुचाइए । 'सारङ्गीको तारले मेरो मनको गीत गाउँछ' बोलको गीत पनि धेरै-धेरै नै रुचाइए । 'हेर्दाहेर्दै कस्तो भयो तिम्रो र मेरो जिन्दगी'- 'सम्हाल पछ्यौरी त्यो', 'ताराहरु हो', 'देउरालीका ठिटी हो नक्कल पार्नु पर्दैन' लगायत धेरै धेरै मीठा र मार्मिक गीतका गायक कुमार सुब्बा नेपाली संगीत क्षेत्रका लागि एक अद्भूत प्रतिभा हुन् ।

अम्बर गुरूङ, कर्म योञ्जन, गोपाल योञ्जन, अशोक राई, शरण प्रधान, शान्ति ठटाल, कपिलराज सुब्बा, दिव्य खालिङ, दुर्गा खरेल, मणिकमल छेत्री, वसन्त छेत्री, चन्दन लम्जेल अनि अरु थुप्रैले संगीत भरेका गीतहरू र गीतकारहरू अगमसिंह गिरी, ईश्वर वल्लभ, जस योञ्जन 'प्यासी', नरदेन रूम्बा, किरण खरेल, मनबहादुर मुखिया, नन्द हाङखिम, चन्द्रमीत लक्सम अनि अरु धेरैले लेखेका, सिर्जना गरेका गीतहरु कुमार सुब्बाले गाएका छन् ।

नेपाली गीत-संगीतका क्षेत्रमा लाग्ने कलाकारहरुका लागि कुमार सुब्बा एक आदर्श र प्रेरणा हुन् । नयाँ पुस्ताप्रति उनी निकै आशावादी रही, नेपाली गीत-संगीतको मर्म संरक्षण गर्दै नयाँ पुस्ताले युगानुकूल गीत-संगीत सिर्जना गर्ने विश्वास राखेका छन् । अम्बर गुरुङ नेपाली संगीतको ध्रुवतारा भएका र नेपाली संगीतमा शुरुमा वेस्टर्न फ्लेवर भर्ने अम्बर गुरुङ भएका विश्वास राख्ने गायक कुमार सुब्बालाई संगीतको क्षेत्रमा पुऱ्याएका योगदानका निम्ति धेरै-धेरै सम्मान, कदर, पुरस्कार र अभिनन्दन प्रदान गरिएका छन् ।

नेपालमा राजा महेन्द्रको अभिषेकमा मेडल, साधना सम्मान । सिक्किममा आशारानी पुरस्कार, दार्जीलिङमा अरूणा लामा स्मृति पुरस्कार, पश्चिम बङ्गाल सरकारबाट संगीत सम्मान जस्ता महत्वपूर्ण सम्मान प्रदान गरिएका छन् । गायक कुमार सुब्बालाई सुनौलो स्वरका धनी अनि स्वर माधुरीका रुपमा जानिन्छ । उनको स्वर जाइलोफोन, जलतरङ्ग, सीतार, अर्कर्डियन, पियानो, सारङ्गी र मुरलीको धुन जस्तै असाध्यै कर्णप्रिय लाग्दछन् ।

संगीतले नै मानिसहरु बाँचिरहेका र संगीत विश्वको प्राण भएको विश्वास गर्ने गायक कुमार सुब्बा भन्दथे, साङ्गीतिक निखारता आउन र खारिएका कलाकार निर्माणमा प्रतियोगिताहरुको अहम भूमिका हुन्छ । कुमार सुब्बा पनि स्वयम्मा यति धेरै खारिएका गायक कलाकार थिए कि, दुई दर्जनभन्दा बढी गीत त एकै बसाईमा गीतको डायरी, कापी या नोट नहेरी र एक घुट्को पानी पनि नपिइ लगातार गाउन सक्दथे ।

प्रसिद्धका गायक कुमार सुब्बाको महा यात्राले तराई, पहाड, हिमाल स्तब्ध छन् । करोडौं मुटुहरु दुःखिरहेका छन् । टीस्टा, रङ्गीत, मेची, काली लगायत कैयन नदीहरु मौन छन्, भञ्ज्याङ्ग र देउरालीहरु रोइरहेका छन् । दार्जिलिङ्गको बटवृक्ष कुमार सुब्बा करोडौं श्रोताका ढुकढुकी थिए । कञ्चनजंघा हिमाल जस्तै कञ्चन र टाढाटाढाबाट पनि छलङ्गै देखिने तारा थिए 'महान' गायक कुमार सुब्बा । उनका स्वरका सदाबहार गीतहरु करोडौं श्रोताहरुसँगै छन् । ती मीठा गीतहरुले गायक 'कुमार सुब्बा'लाई 'अमर' बनाइ राख्ने छन् ।

निबन्ध

मस्तिष्क नियन्त्रणमा टेकनाथ रिजाल



राम धिमिरे

अघिल्लो अंकमा लिखित सम्झौतामा हस्ताक्षर गराउन लगाएपछि यो सर्तको अवज्ञाबारे उनलाई जन्मकैद गर्नेसम्मको आदेश थियो । यस सँगसँगै टेकनाथ रिजाललाई उनका तीन छोराले अब उप्रान्त सरकारी विद्यालयमा पढ्न नपाउने मौखिक जानकारी समेत गराइयो । टेकनाथ रिजालले विगत दुई दशकदेखि जनताको काममा थिए । जिम्मेवारी जनप्रतिनिधिका रुपमा उनले यो सम्झौताको कतै पनि प्रचार गरेनन् । भुटानमा कसरी राजनीतिक बन्दीलाई यातना दिइन्थ्यो र गरिन्थ्यो भन्ने बारेमा टेकनाथ रिजाललाई राम्ररी थाह थियो । त्यसैले आफ्नो सुरक्षाको बारेमा उनी चिन्तित बने । उनले भुटानलाई छोडेर गौकारी गए । त्यतिबेला दार्जिलिङको गोर्खालाण्ड उत्कर्षमा थियो । त्यसैले उनी झापाको बिर्तामोड आए ।

नेपालमा आश्रय लिएपछि टेकनाथ रिजालले पनि पिपुल्स फोरम फुटहरु मन राइटस इन भुटान मानव अधिकार सार्वजनिक भुटान स्थापना गरे । भुटान राजा भने टेकनाथ रिजाललाई जसरी भए पनि भुटान ल्याएर यातना दिने योजनामा थिए । यो काम उनका एडी.स भी न्यायालयलाई दिए । उनले अपहरणको षडयन्त्रकारी योजना बनाई रिजाललाई १६ नोभेम्बर सन् १९८९ मा रिजाल आफ्नो अस्थायी निवास बिर्तामोडबाट दई सहकर्मी सुशील पोखरेल र जागेन गजमेरसँगै अपहरणमा परे । ती तीनै जनालाई भुटानको थिम्पु पुऱ्याइयो । थिम्पुमा टेकनाथ रिजालाई मोटीथानको विशिष्ट कक्षमा लगेर राखियो । त्यस गेष्टहाउसमा राखेको दोस्रो रात टेकनाथ रिजालले पहिलोपटक आफ्नो दिमागमा गुनगुन आवाज आएको सुनेका थिए । यस्तो आवाज एउटा रेडियो टान्जिष्टिरबाट आउने आवाज जस्तो सुनेका थिए । यसबाट उनी डराएनन् । तर, केही उपकरण उनीमाथि जडान गरिएको अनुभूति भयो । सन् १९८७ मा जब राष्ट्रव्यापी छानविन १९८४ मा सकिने क्रममा थियो । राजाले उनलाई एक उच्च परिस्कृष्ट रेडियो टेप उपहार दिए । त्यो रेडियो । आफै खुल्ने र बन्द हुने प्रणाली थियो । यही रेडियोलाई निश्चित समयमा कुनै कार्यक्रम सुन्न सेट गरियो । तर, विद्युत बन्द भयो भने पनि उक्त कार्यक्रम रेकर्ड हुन्थ्यो र पुनः विद्युत आपूर्ति पश्चात सो कार्यक्रम सुन्न सकिन्थ्यो । एक व्यक्तिले टेकनाथ रिजालको घर जाँदा एउटै टुइनवान रेडियो नसुन्न सल्लाह दिए । किनकि यसले घरमा भएको वार्तालापको पनि निगरानी गर्न सक्थ्यो । त्यो गेष्टहाउसमा टेकनाथ रिजाललाई तीन दिन राखियो ।

पहिलो रात उनलाई थिम्पो टि.बी. टावर लगियो एउटा कोठामा थुनियो । अर्कोपल्ट उनलाई टेलिफोन एक्सचेञ्ज अफिसमा लगियो । त्यहाँ एकरात राखियो । यस्ता ठाउँमा लगेर टेकनाथ रिजाललाई जहाँ इ.एल.एफ. अति न्यूनफ्रिक्वेन्सी किरण प्रभावित हुन्छ यस्ता ठाउँमा उनलाई रात बिताउनु भनेको मस्तिष्क नियन्त्रणका लागि इ.एल.एफ. तरंगको वर्षा गराइएको प्रमाणहरु प्रशस्त छन् । बीस दिनपछि टेकनाथ रिजाल उनका दुई साथीहरु सुशील पोखरेल र जोगेन गजमेरलाई सैनिक मुख्यालयको गेस्टहाउसमा एक हप्ताका लागि लगियो । त्यसपछि टेकनाथ रिजाललाई राबुना सैनिक जेलमा पठाइयो । त्यसपछि उनलाई सबै यातनाहरु दिइयो र दश वर्षका लागि जेलमा राखियो । त्यहाँ उनलाई सामान्य अन्य कैदीहरु सरह थिएन । उनका हात र खुट्टा गह्रौं साङ्लाले बाँधिएको थियो र उनको दिमाग पहिले नै इ.एल.एफ विकीरणले नियन्त्रित थियो । त्यही गेष्टहाउसमा राजीव गान्धी आफ्ना परिवारका साथ बसेका थिए भने पश्चिम बंगालका मुख्यमन्त्री ज्योतिर्वसु पनि त्यही बसेका थिए । इन्दिरा गान्धीले सन् १९८० पश्चात भुटानप्रति रुखो मनिस्थिति राखेकी थिइन् । तथापि चौथो राजा र भारतीय प्रधानमन्त्री राजीव गान्धीबीच सन् १९८५ मा भुटानको भ्रमणपछि अत्यन्त नजिकको मित्रता विकसित भएको थियो । भुटानमा शाही अंगरक्षकले राजाको प्रत्यक्ष आदेशमा व्यक्तिहरुलाई यातना दिने गर्छन् । रसायन छर्किएका ट्याबलेट दिने गर्छन् । त्यो झोलको रुपमा पनि हुन्थ्यो । भुटान धेरै हदसम्म भारतमाथि आश्रित छ र भुटानी सैनिक प्रहरी सार्वजनिक प्रशासक वैदेशिक सेवाका व्यक्तिहरु उनीहरुका भारतीय समकक्षीहरुबाट प्रशिक्षित छन् ।

टेकनाथ रिजालले २००१ मा भारतको नयाँदिल्लीस्थित एउटा अस्पतालमा उपचार गर्न गए । उनलाई दण्ड नदिइँदासम्म लगातार दश वर्ष इ.सं. १९८९/१९९९ मा हरेक दिन ४० खिल्ली चुरोट पिउन दबाब दिएको र त्यो अस्वीकार गरेमा खानाबाट वञ्चित गरिएको तथ्यबाट प्रमाणित हुन्छ । टेकनाथ रिजालमाथि मस्तिष्क नियन्त्रणका विधिहरु प्रयोग गरिएको देखाउने प्रशस्त प्रमाणहरु छन् । जुलमा औषधिको वितरण तालिम प्राप्त कमाण्डरहरुले गर्नुपर्नेमा त्यो काम शिकारु प्रहरीले गर्थे । टेकनाथ रिजाल लगायतका बन्दीहरुलाई दिने ट्याबलेट वितरण गर्नुभन्दा अगाडि नै रसायन छर्केको कयौंपटक देखेका थिए । टेकनाथ रिजालका शरीरका अधिकांश भागहरुको काम गर्न नसक्ने पनि प्रमाणित हुन्छ । इ.सं. १९९७ को नोभेम्बर डिसेम्बरमा रिजालले गरेको भोक हड्तालसँग सम्बन्धित अर्को घटना पनि छ । सन् १९९७ जुलाईमा भारतको दिल्लीमा तीन दिने सम्मेलन पिपुल्स कन्फेन्स अन भुटानमा आयोजना गरिएको थियो । बंगलादेश, बर्मा, भारत, नेपाल, पाकिस्तान र श्रीलंकाबाट ठूलो सख्यामा संसदका सदस्यहरु र केही मन्त्रीहरु समेत सर्वोच्च अदालतका न्यायाधिशहरु र अन्य बौद्धिक व्यक्तिहरु उक्त भेलामा सहभागी थिए । धेरैजसो सहभागीले भारतको भुटान नीतिका बारेमा प्रचार गरे । यसले राजामाथि ठूलो दबाब पऱ्यो । किनकि त्यहीबेला भुटानलाई दक्षिण एशियाकै दर्जन राष्ट्रहरुमा चित्रण गरिएको थियो । त्यसले राजा स्वयम्को बदनामी भएको थियो । त्यसैले त्यो सम्मेलनपछि भुटानी शासकले रिजालको रिमागमा भोक हड्तालबीचको आरोप गऱ्यो ।

टेकनाथ रिजालले २७ दिन भोक हड्ताल गरे पनि उनी सकुशल रहे । उनलाई स्लाइन पानी चढाइयो । त्यो स्लाइन पानीमा पनि केमिकल मिसाएको थियो । टेकनाथ रिजालमा प्रयोग गरिएका रेडियो तरंग वार्सियन खाडी युद्धमा अपनाएको पुष्टि हुन्छ । मस्तिष्क नियन्त्रणको चङ्गुलमा फस्नुभन्दा अगाडि उनी धार्मिक व्यक्ति थिए । तर, आज उनले धार्मिक रीतिरिवाज र संस्कार, उत्साह, उमँग, जोस पूर्णरुपमा गुमाएका छन् । यो सबै उनलको मस्तिष्क नियन्त्रणको परिणाम हो । वास्तवमा टेकनाथ रिजाल मात्र नभएर पछिका महत्वपूर्ण नेताहरु मस्तिष्क नियन्त्रणको प्रविधिको शिकार भएका थिए । तर, त्यहाँ कसैले नियन्त्रण भएको महशुस गरेनन् । टेकनाथ रिजाल राज्यविहीन भएका छन् । जसको शरणार्थी स्थिति पनि छैन र कतै जाने ठाउँ पनि छैन । उनले विस्तृतरुपमा भुटानको जेलमा भोगेका यातनाबारे टेर्ररविलिङभी साफ्ले पुस्तकमा लेखेका छन् । त्यो पुस्तक डब्लुडम्लुडब्लु डट माइण्ड जष्टिडाइटओआर्जीमा उपलब्ध छ । भुटानमा अन्तर्राष्ट्रिय दबाबका कारण राजा जिङवेसिङ्वे वाङचुङले दश वर्षपछि रिहा गर्न बाध्य भए, तर त्यस समयमा पनि घीनलाग्दो चाल चाल्न पछि परेनन् । टेकनाथ रिजाल निर्दोष भएकाले रिहा गरिएको घोषणा गरे । अचानक १७ डिसेम्बर १९९८ मा प्रहरीले टेकनाथ रिजाललाई एउटा होटलमा लगेर होटलका मेचेजरलाई हामीले यहाँका लागि नयाँ पाहुना ल्याएका छौं र उनले नै होटलको पैसा तिर्ने छन् भने तर टेकनाथ रिजालसँग भने पैसा थिएन । उनी संकटमा परे र अन्यत्र जान कागजपत्र पनि थिएन । पैसा नभएकै कारण उनलाई होटलमा बस्न दिइएन ।

उनी झोला लिएर सडकमा आए । एउटा रित्तो बसमा रात बिताए । त्यहाँ पनि उनलाई प्रहरीले अवरोध गऱ्यो । जब उनले मलाई जेलमा लैजाउ मन त्यहाँ सुत्न सकुँ भने अनि मात्र प्रहरीहरु त्यहाँबाट हटे । अर्को दिन उनलाई अरु समस्या भयो । उनी जाने ठाउँ कतै थिएन । उनी जुन होटलमा प्रवेश गर्थे । प्रत्यक्ष/अप्रत्यक्ष रुपमा त्यो होटल होइन भनिन्थ्यो । विगतमा उनले सहयोग गरेका साथीहरुले समेत कुराकानी इन्कार गरे । दुई महिनापछि एमनेष्टी इन्टरनेशनलले भुटानमा सम्पर्क गऱ्यो । एमनेष्टी इन्टरनेशनलको मध्यस्ततामा उनकी श्रीमती भुटान पुगिन । टेकनाथ रिजाललाई दिइएको रसायनको नकारात्मक असर साथसाथै इएलएफको प्रभावका कारण पूर्णरुपमा परिवर्तन भएका रिजाललाई देखेर कौशिला अचम्भित भइन् । एमनेष्टी इन्टरनेशनलको मध्यस्ततामा रिजाललाई उपचारका लागि भारत जाने अनुमति दिइयो ।

राजाका नयाँ पोशाक

भीम निरौला

'सकारात्मक सोच सफलताको कडी हो' भन्ने मान्यताका साथ कर्म गर्नुपर्छ । भूतकालको सामाजिक, शैक्षिक, भौतिक, आध्यात्मिक विषयहरु हाम्रा मार्गदर्शन सावित हुन्छन् । पछाडि हेर्दै वर्तमानलाई सुमार्गमा लाग्नु भविष्यको सफलता हो । यही शिलशिलामा यो कलमले एसएलसीको कोर्षमा पढेका अंग्रेजीको पाठ Emperior New Cloth (राजाका नयाँ पोशाक) भन्ने पाठ आजको भौतिक जगतमा अत्यन्त सान्दर्भिक देखिन्छ ।

एकादेशका राजा नयाँ पोशाकका सौखिन थिए । दिनहूँ भेष बदल्नु उनको काम हुन्थ्यो । आज म कस्तो भएँ ? भनेर सबैका अगाडि उच्च स्थानमा रहने राजाको अभिलाषा एकखालको ढंगले थाह पाएँ । दरबारमा आएर चिप्लो घस्दै हामीले बनाएको पोसाक लगाउँदा राजा उच्चकोटीको हुने सन्दर्भ ल्याएर 'आफूहरुले बुनेको तानको कपडा महामानवले मात्र देख्न सक्छ । कमजोर, असफल मान्छेहरुले तानको कपडा देख्न सक्दैनन्' भन्दै तान बुन्ने नाटक मञ्चन गरे । राजा भाइ, भारदारले उच्च कोटीको त्यो कपडा बुन्ने र राजालाई पहिऱ्याउने कुरा पास गरे ।

राजाले राम्रो उपहार समेत दिने वचन दिएर राजमहलको एक कोठामा तान लगाउने भनी कार्यारम्भ भयो । नाटकीय ढङ्गले तान यताउता गरेको अभिनय हेर्न मन्त्री, भारदार, सचिवहरु जान्थे र भन्दै निस्कन्थे- 'निकै राम्रा कपडा तयारी हुँदैछन् ।' देखिन भन्नासाथ कमजोर र असफल ठानिने हुनाले राम्ररी कपडाको प्रशंसा गर्थे ।

नभन्दै निकै दिनको प्रयासपछि कपडा तयार भएको घोषणा गरी राजालाई नयाँ कपडा पहिरने काम भयो । यताउताबाट क्या खुल्यो भनियो, राजा स्वयम्ले त झन् देखिएन भन्नै मिलेन । नयाँ पोशाक ठूलो प्रयत्नले लगाइ दिएको अभिनय गर्दै ठगहरु उपहार लिएर राज्यबाट बाहिरिए । अब राजाको शोभायात्रा रथबाट शुरु भयो । शहरका मानिसहरु पनि पोशाकको प्रशंसा नै गर्थे, तर अफसोच शहरको बाटोमा एउटा सानो बालकले राजातिर हेरेर, 'राजा किन नाङ्गै ?' गम्भीर प्रश्न गऱ्यो । बच्चा साँच्चै ईश्वर हो, उसले अभिनय गरेन । राजालाई तुरुन्त दरबार भित्र्याइयो ।

अंग्रेजीमा यो कथा पढ्दा त्यति ख्याल भएन, तर आज झण्डै पाँच दशकपछि अत्यन्त व्यवहारिक प्रसङ्ग भएको थाह भयो । किनभने हामी सर्वसाधारणले नेता छान्छौं, अनि अभिर र मालाको हर्षबढाइँ गर्छौं । यति गर्छौं कि नेतालाई बेहोस पारेर उकास्छौं । हाम्रा पार्टीका यी नेताको बयान गर्न हजार जिब्रा भएका शेषनागले पनि सक्दैनन्, हामी कसरी सक्छौंसम्म भन्न पछि पर्दैनौं ।

कठै ! माला ! फूल आफैंमा पवित्र वस्तु, सुगन्ध फैलाएर वातावरण स्वच्छ, सुन्दर र स्वस्थ बनाउने प्राकृतिक वरदानलाई टपक्क

टिपेर त्यो अपराध, हत्या, हिंसा, षड्यन्त्र, लुटतन्त्र गरेर पुस्तौनी सम्पत्ति जोड्ने गलामा आटिनआटी लगाई दिन्छौं । अनि रातो अभिरले सनक्क छोपेर त्यो कलुषित दिमागलाई गोल बनाई दिन्छौं । नेताका नातागोता, कूलकुटुम्ब, इष्टमित्र, छरछिमेक सबै प्रशंसा मात्र गर्छौं, तर हामीलाई गोलखाडीमा भसाएको पत्तै पाउँदैनौं । यदि त्यो पवित्र फूलमालामा बोल्ने शक्ति थियो भने 'मुर्दावाद' भन्ने थिए । गलामा मडारिने थिए, धिक्कार्ने थिए । तर बोटबाट टपक्क टिपेर गुथेर अपराधीको मान-सम्मान बढाउन शोभा दिँदा कठै फूललाई कति कठिन होला ।

फलानाले जित्यो रे, पत्रिकाका मुख्यपृष्ठमा ठूला अक्षरमा 'बधाई', फोटो अनि हँसीमुख । काम त शुरु भएकै छैन । कर्म गर्नु अगाडि नै किन यत्रो प्रशंसा ! पहिला उसले दिने योगदान हेर्न किन नभ्याएको ? ऊ त विचेत भयो नै, हामी किन विचेत भएका ? फूलका माला, अविर, खादा, दोसल्लाको किन यत्रो बेइज्जत गरे गराएको ? प्रश्नै प्रश्नको खात लागेको आजको हाम्रो परिवेशमा यो कथालाई जोडेर मार्गदर्शन गर्न पाए तै मन शान्त हुन्थ्यो कि ?

भारत बर्षका वर्तमान प्रधानमन्त्री कुर्था-शुरुवाल र खास्टो ओढेर सदनको उद्घाटन गर्छन् । तर। हाम्रा नेता भनाउँदाहरु दौरा-सुरुवाल समेत लाउँदैनन् ? 'सादा जीवन उच्च विचार' भएका अगुवा हामीले कहिले पाउने ? हे नेपाल माता ! जसले बाटो देखाउनुपर्ने हो, उसैले बाटो विराएको टुलुटुलु हेर्नु हाम्रो रहर हो कि बाध्यता ? पूर्वीय दर्शनलाई चटक्क माया मारेर हामी पश्चिमी सभ्यतामा उक्लन अभ्यास गरेका त हैनौं ? एकपटक छातीमा हात राखेर आँखा बन्द गरी सोचौं त । हाम्रो गन्तव्य कता ! हालको अर्ध मिश्रित सभ्यतालाई सलाम ।

अन्त्यमा संस्कार, संस्कृति, भाषाभूषा, रहनसहन, चालचलन, शिक्षादिक्षा, खानपिन, मायाममता, सद्भाव, प्रेम स्नेहसहित सम्पूर्ण क्रियाकलाप विगतकै ठीक रहेछन् जस्तो लाग्छ । एकपटक स्वच्छ दिमागले सोचौं । सबैलाई चेतना भया ।

पत्रकार महासंघ झापाको भित्तेपात्रो सार्वजनिक

विराटनगर, चैत २५। नेपाल पत्रकार महासंघ झापा शाखाद्वारा प्रकाशित २०७९ सालको भित्तेपात्रो सार्वजनिक भएको छ।

प्रदेश १ का मुख्यमन्त्री राजेन्द्रकुमार राई, नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेल, प्रदेश १ का आर्थिक मामिला मन्त्री इन्द्र आङ्बो, यातायात तथा सञ्चारमन्त्री उपेन्द्र घिमिरे र महासंघ प्रदेश १ का अध्यक्ष लीला बल्लव घिमिरेले संयुक्तरुपमा भित्तेपात्रो सार्वजनिक गरेका हुन्।

बिहीबार विराटनगरमा भएको पत्रकार महासंघ प्रदेश १ को प्रदेश सम्मेलन उद्घाटन समारोहमा पत्रकार महासंघ झापा शाखाद्वारा प्रकाशित भित्तेपात्रो सार्वजनिक गरिएको हो।

पत्रकार महासंघ झापा शाखाले विभिन्न महत्वपूर्ण विवरण संलग्न गरी छ पृष्ठको वार्षिक भित्तेपात्रो प्रकाशन गरेको हो। महासंघले वर्तमान कार्यसमिति, पूर्व अध्यक्षहरु, झापाबाट निर्वाचित राष्ट्रिय परिषद् सदस्य, प्रदेश परिषद् सदस्य र प्रदेश १ मा झापाबाट निर्वाचित पदाधिकारी तथा सदस्यहरुको विवरण संलग्न गरिएको छ।

त्यस्तै महासंघ झापा शाखाका दुई सय ६० जना सदस्यको विस्तृत विवरण, पत्रकार आचारसंहिता अन्तर्गत पत्रकार र सञ्चारमाध्यमको कर्तव्य तथा पत्रकार र सञ्चारमाध्यमले गर्न नहुने कामको विवरण भित्तेपात्रोमा समावेश गरिएको महासंघ कार्यसमिति सदस्य सन्तोष शर्माले जानकारी दिए।

महासंघ झापा शाखाले पत्रकार आचारसंहिता जागरण अभियान अन्तर्गत भित्तेपात्रोमै आचारसंहिताको महत्वपूर्ण अंश समावेश गरिएको छ। भित्तेपात्रो सबै सदस्य र सञ्चारमाध्यममा उपलब्ध गराइने कार्यालय सचिव अनुषा चुडालले बताइन्।

विभिन्न ११ बुँदे घोषणा जारी गर्दै सम्पन्न महासंघको प्रदेश सम्मेलनमा झापा शाखाबाट अध्यक्ष एकराज गिरी, उपाध्यक्षद्वय केशव भट्टराई र सुशिला संग्रौला, सचिव डिकेश लामा, कार्यसमिति सदस्य विनोद पाण्डेको सहभागिता रहेको थियो।

फाल्गुनन्दका भलिबल खेलाडीलाई पालिकाद्वारा सम्मान

□ युद्धबहादुर बोहोरा

पाँचथर, चैत २५। याङ्वरक गाउँपालिकाद्वारा आयोजित प्रथम पालिका स्तरीय अध्यक्ष कप पुरुष भलिबल प्रतियोगितामा प्रथम हुने फाल्गुनन्दका खेलाडीलाई पालिकाले सम्मान गरेको छ।

पालिकाको शिक्षा युवा तथा खेलकुद शाखाका प्रमुख बाबुराम राईको अध्यक्षतामा भएको कार्यक्रममा खेलाडीलाई बधाई तथा शुभकामनासहित सम्मान गरिएको हो। गत सोमबारदेखि याङ्वरकमा शुरु भएको प्रतियोगिता बुधबार सम्पन्न भएको थियो।

फाइनल खेलमा फालेलुङ गाउँपालिकालाई ३-२ सेटले पराजीत गर्दै फाल्गुनन्द विजयी भएको छ। पाँचथरका आठ स्थानीय तह मध्ये मिक्लाजुङ र कुम्मायक गाउँपालिकाले साहभागिता जनाएका थिएनन्।

फाल्गुनन्दको टिमले १३ तोला चाँदीसहित एक लाख ११ हजार एक सय ११ रुपैयाँ नगद, ट्रफी, मेडल र प्रमाणपत्र पाएसँगै पालिकाका खेलाडीबाट खेलजगतमा पुऱ्याएको योगदान तथा उपलब्धिको कदर गर्दै सम्मान गरिएको पालिकाका प्रमुख प्रशासकीय अधिकृत निर्मल तुम्रोकले जानकारी दिए। प्रतियोगितामा उपविजेता फालेलुङ गाउँपालिकाले पाँच तोला चाँदी, ६१ हजार एक सय ११ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ।

यसअघि २०७८ सालको शुभ दिपावलीको अवसरमा त्रिवेणी युवा क्लब फाल्गुनन्द-६ वसागुले आयोजना गरेको द्वितीया मेला भलिबल प्रतियोगिता अन्तर पालिका स्तरीय निमन्त्रणा-कपमा पनि यस टिमले ५५ हजार पाँच सय ५५ रुपैयाँ नगद, ट्रफी, मेडल र प्रमाण-पत्रसहित प्रथम स्थान हात पारेको थियो। त्यस्तै, फालेलुङ च्यालेन्जकप चौथो संस्कारण २०७७ अन्तर पालिका स्तरीय भलिवल टुर्नामेन्टमा समेत तेस्रो स्थान हासिल गरी १५ हजार नगद, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको टिम क्याप्टेन बसन्त आइदेम्बेले जानकारी दिए।

यसरी विभिन्न ठाउँमा उपाधि जित्न सफल पालिकाको टिम र खेलाडीहरुको मनोवल उच्च बनाउन आयोजना गरिएको कार्यक्रमका प्रमुख अतिथि पालिका अध्यक्ष वीरबहादुर कुरुबाङ, विशेष अतिथि उपाध्यक्ष देवित्राकुमारी आइदेम्बे तथा अधिकृत तुम्रोक, लेखा शाखा प्रमुख चन्द्रकुमार योङ्हाङ लगायतले उनीहरुलाई बधाई तथा शुभकाना दिएका थिए।

उनीहरुले आगामी दिनमा खेलकुद क्षेत्रमा पालिकाले थप लगानी गर्ने पनि प्रतिद्धता व्यक्त गरेका छन्। पालिका कार्यालयमा गरिएको सम्मान कार्यक्रम पालिकाका योजना तथा प्रशासन शाखा प्रमुख निर्मल अधिकारीले सञ्चालन गरेका थिए। खेलाडीले प्राप्त गरेका उक्त मेडलहरुलाई पालिकाको खेलकुद शाखामा राखिएको कार्यालयले जनाएको छ।

भारतीय भूपू सैनिकको सभा

बिर्तामोड, चैत २५। भारतीय गोर्खा भूतपूर्व सैनिक संघ बिर्तामोडको आगामी साधारण सभा चैत ३० गते हुने भएको छ।

संघको बैठकले चुनावी साधारणसभाका लागि तयारी शुरु गरेको अध्यक्ष धनकुमार गुरुङले जानकारी दिए। गुरुङका अनुसार चैत ३० गते हुने चौथो साधारणसभाले नयाँ नेतृत्व चयन गर्नेछ।

यसैबीच, संघले बिर्तामोडका १० वटै वडाका अध्यक्षहरुलाई शपथ ग्रहण गराएको छ। संघका सचिव विष्णुप्रसाद योङ्हाङका अनुसार वडा नम्बर १ र २ का अध्यक्ष कमलबहादुर तामाङ, ३ का अध्यक्ष कुमार गुरुङ, ४ का अध्यक्ष प्रेमबहादुर राई, ५ का अध्यक्ष धनबहादुर लिम्बू, ६, ७ र ८ का अध्यक्ष प्रकाश पुरी तथा ९ र १० का अध्यक्ष कर्णबहादुर गुरुङलाई शपथ खुवाइएको हो।

विभिन्न सामाजिक तथा खेलकुदका गतिविधि गर्दै आएको संघले चुनावपछि पनि त्यस्तै कार्यक्रम गर्ने योजना बनाएको अध्यक्ष गुरुङले बताए।

कांग्रेस झापाले गठबन्धन फराकिलो बनाउने

बिर्तामोड, चैत २५। नेपाली कांग्रेस झापा पदाधिकारीको बैठकले गठबन्धन दलको सहमतिमा स्थान विशेषको परिस्थिति अनुसार केन्द्रमा गठबन्धन गरेबाहेकका दललाई पनि समावेश गर्ने निर्णय गरेको छ।

नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेको सभापतित्व र प्रदेश नं. १ का सभापति उद्धव थापा एवम् पूर्व केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटीको विशेष उपस्थितिमा भएको बैठकले गठबन्दनको दायरालाई फराकिलो बनाउने

निर्णय गरेको हो।

क्षेत्रीय सभापतिहरु समेतको सहभागिताका सम्पन्न बैठकमा गत २०७४ सालको स्थानीय निर्वाचनमा प्राप्त मतभारका आधारमा चुनावी तालमेल गर्न व्यवहारिक हुने विषयमा छलफल भएको छ।

बैठकले केन्द्रबाट अर्को परिपत्र नआएसम्म सबै तहको उम्मेदवार सिफारिस प्रक्रियालाई यथास्थितिमा रख्न निर्देशन गरेको छ। आकांक्षी उम्मेदवारहरु बीचमा छलफल गराई सहमतिको वातावरण बनाउन क्रियाशिल रहन भने बैठकले मातहत निकायलाई निर्देशन गरेको हो।

बैठकमा प्रदेश प्रतिनिधि नन्दकुमार नेम्बाङ, उपसभापतिहरु शेरबहादुर भट्टराई र केशवराज पाण्डे, सचिवद्वय कृष्ण हुमागाई र नवीन विमली, सहसचिव कमल भण्डारी, क्षेत्रीय सभापतिहरु इन्द्रबहादुर बुढाथोकी, खगेन्द्र मैनाली, गणेश पोखरेल, ढुण्डीराज भण्डारी लगायतको सहभागिता रहेको थियो।

चलिरहेको कपडा पसल बिक्रीमा

बिर्तामोडस्थित कृषिथोक बजारमा रहेको कपडा पसल बिक्रीमा छ।

सम्पर्क : ९८२५९५४१८३

छापाखाना

क्यालेण्डर | विवाह कार्ड | बिल, भौचर | फ्लेक्स प्रिन्ट | स्टाम (छाप) | कप, टि-सर्ट | लेमिनेशन | फोटोकपी

आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधै सम्कनुहोस्।

७ बार १२ महिना संचालनमा

घिमिरे अफसेट प्रेस

अतिथिसदन उत्तर पट्टिको घर

फोन नं. : ०२३-५९०१५९,

अफिस: ९७५६८७९७०२

९८४२६२५३५३, ९८१५०३६२५५

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो प्रति ट्यांकी रु.२०००।– मा सफाई गरिने छ।

सम्पर्क: ९८१४९९३७१२, ९८४२६७७८५५, ९८२४९९०४६२

हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्भनुहोस्।

सम्पर्क:
९८०८७०५२०६/९८६३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक

नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्भनुहोस्।

राहदानी हरायो

बिर्तामोडबाट महमाई जाने क्रममा यही मिति २०७८।१२।१५ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ।

नाम:- टेकबहादुर लिम्बू
साविक ठेगाना:-महमाई-३, गोतामे, इलाम
हालको ठेगाना:- माई नपा-६, इलाम
राहदानी नं. :- ०६३९८४४७
सम्पर्क : ९८२७९६१५४३

KUWAIT मा रोजगार | कम्पनी : National Aviation Services शहर : KUWAIT

पूर्व स्वीकृत मिति: २०७८/१२/२३ चलानी नं.: ६०१७७३८८ LT. No.: 260668

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cargo Agent	50	0	सम्बन्धित काममा दक्ष	150	५९,४९४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Fabricator	5	0		230	९१,२२४							
3.	Gse Technician	5	0		270	१,०७,०९०							
4.	Handling Worker	200	0		90	३५,६९६							
5.	Passenger Services Agent	50	50		150	५९,४९४							
6.	Security Agent	50	0		150	५९,४९४							

अन्तर्वार्ता भेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख २ देखि ६ गते सम्म (15 to 19 April 2022) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैले	बिमा हुने/ प्रिमियम रोजगारदाताले	रोजगार दाताले दिने	रोजगार दाताले व्यहोर्ने	रोजगार दाताले व्यहोर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	रु. १०,०००/- कामदारले तिर्ने

वैदेशिक रोजगार विभागबाट मराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन निधोमको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

G.C.D. WORLDWIDE PVT. LTD.

Govt. Lic. No.: 519/061/062

Simangal-09, Kathmandu, Nepal

Nischal Shrestha: 9801423928, 9801423927

Puja Shrestha : 9801423929

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

जाँच तथा उपचार हुने समस्याहरु

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क
९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) - समय सापेक्षित चलेको छ, बोलिको प्रभावले बिग्रन लागेको काम बन्नेछ, धार्मिक अभिरूची बढेर जानेछ, छोटो दूरीको यात्रा हुनेछ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) - समय त्यति राम्रो देखिएन, गुप्ताङ्गमा समस्या आउन सक्छ, स्वास्थ्यको ख्याल राख्नुहोला, अनावश्यक यात्रा तथा खर्च हुन सक्छ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) - व्यापार-व्यवसायमा पदोन्नतिको योग छ, मिष्ठान्न भोजन मिल्नेछ, दाम्पत्य जीवन सुखद् रहला, मन प्रशन्न हुनेछ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) - समय तपाईको साथमा छैन, शरीरमा आलस्यता पैदा हुन्छ, अनावश्यक चिन्ताले शरीर थकित हुन्छ, मन खिन्न होला।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) - व्यापार-व्यवसायमा फाइदा पुग्नेछ, तपाइँको दिन अनुकूल रहेको छ, सुख तथा आनन्द प्राप्त हुनेछ। शुभ खबर सुन्न पाइने छ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) - समय मिश्रित फलदायी छ, मान-प्रतिष्ठा बढेर गएता पनि शारीरिक समस्याले सताउन सक्छ, खानपानमा विशेष ध्यान पुऱ्याउनु होला।

तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) - लामो दूरीको यात्रा हुने समय रहेको छ, भाग्यले साथ दिनेछ, टाढिएका मित्रजनसँग भेट हुने सुनौलो अवसर मिल्नेछ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) - क्रोधलाई नियन्त्रणमा राख्नुहोला, राम्रो बोल्दा पनि गलत अर्थ लाग्न सक्छ, बोलीमा विचार पुऱ्याउनु होला, खर्च बृद्धि हुनेछ, मन खिन्न रहला।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) - समय राम्रो चल्दैछ, व्यापार-व्यवसायमा राम्रो छ, प्रेमी-प्रेमीकाबाट सुखद् खबर मिल्नेछ, मिष्ठान्न भोजनको योग छ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) - खर्चमा बृद्धि भएर जानेछ, अनावश्यक यात्रा हुन सक्छ, दाम्पत्य जीवनमा उतार-चढावको योग छ, धैर्य गर्नुहोला।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) - नजिकैको तीर्थ यात्राको योग परेको छ, सन्तान सुख प्राप्ती हुनेछ, कार्यशिद्धीको योग परेको छ, मान-सम्मान बढेर जानेछ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) - स्वास्थ्यले धोका दिन सक्छ, अधिक खर्च हुने समय रहेको छ, पेटको समस्याले सताउन सक्छ, आजको दिन भने खानपानमा विशेष ध्यान दिनुहोला।